# देवचुली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**नवलपरासी (बर्दघाट,सुस्ता पूर्व)**

**गण्डकी प्रदेश,नेपाल**

## देवचुली नगर अस्पतालको औषधि खरिद सम्बन्धि विधुतीय बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०४/१८**

आ.ब. २०८०/८१ मा यस देवचुली नगरपालिका अन्तर्गत देवचुली नगर अस्पताल (प्राथमिक स्वास्थ्य केन्द्र, दुम्कौली) को फार्मेसी संचालनको लागि आवश्यक पर्ने औषधीहरु बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि ईजाजत प्राप्त ईच्छुक औषधी कम्पनी,बिक्रेता तथा सप्लायर्सहरुबाट यो सूचना प्रकाशित मितिले ३० औ दिन (मिति २०८०/०५/१५) सम्म बोलपत्र फारम खरिद गरि PPMO को वेबसाइट www.bolpatra.gov.np/egp. बाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र खरिद गर्न आधिकारिक निवेदनका साथ निम्न कागजातहरु अनिबार्य रुपले समाबेश गरि PPMO को वेबसाइट www.bolpatra.gov.np/egp. मा अपलोड गर्नुपर्ने छ (क) औषधी व्यवस्था विभागबाट प्राप्त नबिकरण सहितको ईजाजत पत्रको प्रतिलिपि (ख) मु.अ.कर / पानमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि (ग) आ.ब. २०७९/०८० सम्म कर चुक्ता भएको प्रमाण-पत्रको प्रतिलिपि (घ) नबिकरण भएको फर्म वा ब्यबसाय दर्ता प्रमाण-पत्रको प्रतिलिपि (ङ) स्व घोषणा पत्र (छ) यस कार्यालयको NIC ASIA BANK दलदलेमा रहेको राजश्व खाता नं. ०७७२०५००२९१६५००२ मा रु ३०००/- तिरेको ( फिर्ता नहुने गरि ) बैंक भौचर स्क्यान गरि वेबसाइटमा अपलोड गर्नुपर्नेछ ।

२. रितपुर्बक खरिद भएका बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिन मिति (मिति २०८०/०५/१६) १२ बजे सम्म दर्ता गरि सक्नुपर्नेछ, सो बोलपत्र मिति २०८०/०५/१६ गते दिनको १.०० बजे यस कार्यालयमा खोलिने छ, बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि खोल्न बाधा पर्ने छैन ।

३. रित नपुगेको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

४. बोलपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्बजनिक बिदा परेमा उक्त कार्यको भोलिपल्ट सोहि समयमा तोकिए अनुसारको कार्य हुनेछ ।

५. बोलपत्रदाताले देबचुली नगरपालिकाको कार्यालयको NIC ASIA BANK दलदलेमा रहेको धरौटी खाता नं. ०७७२०५००२९१६५००७ मा धरौटी रकम रु ३८५०००/- ( तिन लाख पचासी हजार रुपैया मात्र ) जम्मा गरेको सक्कल भौचर वा सो बराबरको मान्यता प्राप्त क बर्गको बैंकले जारी गरेको कम्तिमा ९० दिन म्याद भएको बोलपत्र जमानत (बिडवण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ ।

६. विधुतीय बोलपत्र पेश गर्दा रकम अंक र अक्षर दुबैमा अनिबार्य उल्लेख गर्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा दररेट महलको अक्षरलाई मान्यता दिइनेछ

७. पेश भएका विधुतिय बोलपत्र आंशिक,आइटमवाईज वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस देबचुली नगरपालिकामा निहित रहनेछ ।

८. बोलपत्र साथ पेश गर्ने कागजातको प्रतिलिपिहरू प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनुपर्नेछ ।

९. खरिद गरिने औषधिको प्रयोग अबधि (Expiry Date ) कम्तिमा १८ महिना वा ७५% म्याद बाकि रहेको हुनुपर्नेछ ।

१०. बोलपत्रदाताले औषधिको हकमा कम्पनीको नाम खुलाउनु पर्नेछ बोलपत्रमा भरिएका औषधिहरुको सोहि औषधि कम्पनिहरुको manufacturer Authorization Letter पेश गर्नुपर्नेछ अन्यथा बोलपत्र मुल्यांकनमा समाबेश गरिने छैन ।

११. बोलपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा ४ (३) अनुसारले हुन आउने रकम यस कार्यालय देवचुली नगरपालिकाको NIC ASIA BANK दलदलेमा रहेको धरौटी खाता नं. ०७७२०५००२९१६५००७ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको ठेक्का सर्त रहेको कुनै मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको कार्य सम्पादन जमानत (पर्फर्मेन्स ग्यारेन्टी) पेश गर्नुपर्ने छ ।

१२. बोलपत्र मुल्यांकन गर्दा नगरपालिकाले आबश्यक ठानेमा नमुना औषधी माग गरी सो को आधारमा मुल्यांकन गर्न सक्नेछ ।

१३. बोलपत्रदाताले सप्लाई गर्ने औषधि WHO/GMP Certified कम्पनीको हुनुपर्नेछ र ढुवानी तथा अन्य करहरु दरभाउ पत्र दाता स्वयंले व्यहोर्नुपर्नेछ ।

१४. बोलपत्रदाताले औषधि सप्लाई गर्दा समय सिमा भित्र एक आर्थिक बर्षको (आ.ब. २०८०/०८१) को हुनेछ तर आ.ब.०८०/०८१ को टेन्डर भएपनी र्को (आ.ब. ०८१/०८२) बर्षको टेन्डर प्रक्रिया पुरा भई औषधि सप्लाई नहुदा सम्म यस नगरपालिकालाई आबश्यक परेको औषधि सप्लाई दिनुपर्नेछ तर बोलपत्र दाताले दररेटमा परिबर्तन गर्न पाउने छैन ।

१५. बोलपत्रदाताले कबोल गरेको बोलपत्रमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा औषधि सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरिद गरिनेछ।यसरी खरीद गर्दा बोलपत्रमा उल्लेख गरिएको मुल्यभन्दा बढी पर्न गएमा बोलपत्र दाताको धरौटी रकम वा भुक्तानी गर्न बाकीं रकमबाट असुलउपर गरिनेछ ।

१६. बोलपत्रमा उल्लेखित औषधिहरु तोकिएको समय भित्र पटक पटक रुपमा खरिद गरिनेछ तर खरिद गरिने सामानको परिणाम नगर अस्पतालको आबश्यकता अनुसार थपघट हुन सक्नेछ ।

१७. आफुले सप्लाई गर्ने प्रत्यक औषधिहरु औषधि व्यवस्था विभागमा दर्ता भएको हुनुपर्नेछ औषधिको प्याकिंग (स्ट्रिप,बोतल) बाहिर औषधिको जेनेरिक नाम,शक्ति, उत्पादन मिति,एस्कपाइरि मिति,ब्याच नं.,उत्पादक कम्पनीको नाम प्याकिंगमा स्पष्टसंग उल्लेख भएको हुनुपर्नेछ र सप्लाई गर्दा टुटफुट भएमा वा केहि कारणले बिग्रेमा सप्लायर्सले फिर्ता गरी अर्को औषधि उपलब्ध गराउनुपर्नेछ अन्यथा औषधिहरु कार्यालयले लिने छैन ।

१८. सप्लाई गरिएका औषधिहरु निरीक्षण वा परिक्षण गर्दा सम्झौतामा उल्लेखित गुणस्तर बमोजिमको नभए सम्झौता रद्द गरिनेछ ।

१९. सम्झौता गरि सम्झौता अनुसार औषधि सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालो सुचिमा दर्ताका लागि सम्बन्धित निकायमा लेखि पठाइनेछ ।

२०. यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्बजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

२१. साथै अन्य आबश्यक कुरा बुझ्नु परेमा कार्यालय समय भित्र मोवाइल नं. ९८५७६४२१११ वा ९८४५१८९७३१ मा सम्पर्क राख्न सकिनेछ ।

**तपशिल :**

| Contract no./ID | Description of works | Total Estimated amount (without vat with contengencies ) NRs | Bid security Amount (NRs) | Bid document Fee(NRs) | Remarks |
|---|---|---|---|---|---|
| DEV/NCB/GOODS/01/080-81 | Procurement and supply of pharmacy Related Medicines at Devchuli Nagar Hospital Dumkauli,Devchuli-3,Nawalparasi East | 13579904.58/- | 385000/- | 3000/- | |

प्रमुख प्रशासकीय अधिकृत